# विवाहका जोडी छनोट प्रणलीमा आएको परिवर्तन
## (पर्वत जलजला धाइरिङ गाउँमा आधारित अध्ययन)

त्रिभुवन विश्व विद्यालय मानविकी तथा सामाजिक शास्त्र संकाय अन्तर्गत

समाजशास्त्र विषयमा स्नातकोत्तर तहको आंशिक आवश्यकता

पुरा गर्ने प्रयोजनको लागि प्रस्तुत

शोधपत्र


**शोधार्थी**

रामजी आचार्य

रोल नं. १४२/०६८

परिक्षा रोल नं. ४८०३६६/०७२

त्रि.वि.वि.र.नं. : ७-१-३१८-१८६-९९

त्रिभुवन विश्वविद्यालय

मानविकी तथा सामाजिक शास्त्र सङ्काय

समाजशास्त्र तथा ग्रामीण विकास विभाग

पृथ्वीनारायण क्याम्पस

**पोखरा**


२०७४

# सिफारिस पत्र

त्रिभुवन विश्व विद्यालय, पृथ्वी नारायण क्याम्पस, मानविकी सङ्काय अन्तर्गत समाजशास्त्र तथा ग्रामीण विकास विभागद्वारा स्नातकोत्तर तह द्वितीय वर्षको समाजशास्त्र विषयको शोधपत्र परिपूर्तिको लागि मेरो प्रत्यक्ष निर्देशन र सुपरीवेक्षणमा रही **राम्जी आचार्य** ले **विवाहका जोडी छनोट प्रणलीमा आएको परिवर्तन (पर्वत जलजला धाइरिङ गाउँमा आधारित अध्ययन)** शीर्षकमा यो शोधपत्र तयार पार्नु भएको हो । यो शोधपत्र सम्बन्धी उहाँको कार्यप्रति म सन्तुष्ट छु । प्रस्तुत शोधपत्रलाई आवश्यक मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

नेत्र नारायण पौडेल

शोध निर्देशक

समाजशास्त्र तथा ग्रामीण विकास विभाग

पृथ्वी नारायण क्याम्पस, पोखरा ।

मिति : २०७४/१०/१०

# स्वीकृति पत्र

त्रिभुवन विश्व विद्यालय पृथ्वीनारायण क्याम्पस, मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत समाजशास्त्र विषयमा स्नातकोत्तर तह दोस्रो वर्षको आवश्यकता पुरा गर्नका लागि छात्रा **राम्जी आचार्य** ले तयार गर्नु भएको **विवाहका जोडी छनोट प्रणलीमा आएको परिवर्तन (पर्वत जलजला धाइरिङ गाउँमा आधारित अध्ययन)** शीर्षकको यो शोधपत्र स्नातकोत्तर उपाधिका लागि उचित ठहरिएकाले शोधपत्र मूल्याङ्कन समितिबाट स्वीकृति प्रदान गरिएको छ ।

**शोधपत्र मूल्याङ्कन समिति**

...................................

नेत्र नारायण पौडेल

शोध निर्देशक

..................................

शिवबहादुर थापा

बाह्य परिक्षक

..................................

प्रा.डा. विश्वकल्याण पराजुली

विभागीय प्रमुख

मिति : २०७४/१०/१८

# कृतज्ञताज्ञापन

परिवर्तित नेपाली समाज सँगै सामाजिक मान्यता र व्यवहारमा समेत तिब्र परिवर्तनहरू देखा परिरहेका छन् । शिक्षा,चेतना र प्रविधिको विकास सँगै मानिसका व्यवहारहरूमा कसरी परिवर्तन आउँदो रहेछ ? कसरी मानिसहरूले विकसित घटनाक्रमहरू सँग एकाकार हुँदै आफ्नो मान्यतालाई परिस्थिती अनुकुल बनाउने प्रयत्न गर्छन भन्ने विषय वस्तुको सेरोफेरोमा रहँदै पर्वत जिल्ला जलजला गाउँपालिका अन्तर्गतको वडा नं.७ लाई नमुनाको रुपमा छनोट गरेर **विवाहका जोडी छनोट प्रणलीमा आएको परिवर्तन** (**पर्वत जलजला धाइरिङ गाउँमा आधारित अध्ययन**) शिर्षकमा अध्ययन गरी शोधपत्र तयार गरिएको छ । यसले नेपाली समाजमा विवाहका जोडी छनोट प्रणलीमा परिवर्तन आउनुका कारणहरू बारेमा जान्न र समय, चेतना र प्रविधिको विकास सँगै समाजका मान्छेहरूका मान्यता र व्यवहारमा कसरी परिवर्तन आउँदो रहेछ भन्ने कुरा बुझ्नलाई सहयोग मिल्न सक्छ भन्ने लागेको छ ।

अध्ययनलाई टुङ्गोमा पुऱ्याउन पृथ्वी नारायण क्याम्पस, मानविकी तथा समाजशास्त्र संकाय अन्तर्गतको समाजशास्त्र विभाग महत्वपुर्ण छ । आदरणीय गुरु नेत्रनारायण पौडेल जो यस शोधपत्र तयार गर्नमा महत्वपुर्ण भुमिकामा हुनुहुन्छ । उहाँले यस शोधपत्रको निर्देशक भएर मलाई अमुल्य सहयोग गर्नु भएको छ । यसका लागि उहाँ प्रति म भारी रुपमा ऋणि छु । त्यस्तै अध्ययनमा सहयोग गर्नुहुने गुरुहरू रामचन्द्र बराल, विश्वकल्याण पराजुली लगायत समाजशास्त्र संकायमा अध्यापन गराउनु हुने सम्पुर्ण आदरणिय गुरुहरू प्रति हार्दिक आभार प्रकट नगरीरहन सक्दिन ।

यो शोधपत्र तयार गर्न मलाई भौतिक, नैतिक र सम्पुर्ण तवरबाट सहयोग गर्नुहुने ज्ञात अज्ञात सबै गुरुहरू, साथीहरू लगायत सरोकारवाला सम्पुर्ण महानुभावहरू प्रति म उत्तिकै रुपमा ऋणी छु । त्यस्तै जलजला गाउँपालिका वडा नं.७ पर्वतका वडा अध्यक्ष टुङ्गनाथ शर्मा र समस्त वडाबासी बयोबृद्ध नागरिक ९० वर्षिय बमबहादुर के.सी जसले धेरै सूचनाहरू उपलब्ध गराइदिनु भयो लगायत सम्पुर्ण उत्तरदाताहरूलाई पनि म सम्झन चाहन्छु ।

**मितिः २०७४/१०/१०** **राम्जी आचार्य**

# शोधसार

त्रिभुवन विश्व विद्यालय अन्तर्गत मानवीकी संकायको स्नातकोत्तर तह समाजशास्त्र दोश्रो वर्षको परिक्षाको लागी आंशिक आवश्यकता पुरा गर्ने हेतुले तयार पारिएको यस अध्ययनको विषय विवाका जोडी छनोट प्रणालीमा आएको परिवर्तनलाई बनाइएको छ । पर्वतको जलजला गाउँपालिका धाइरिङ गाउँका ८०० घरधुरी मध्येका १०० जना विवाहित जोडीलाई नमुनाको रुपमा छनोट गर्दै विवाहका जोडी छनोट सन्दर्भमा उनहरुका अनुभव तथा भोगाई र त्यस समाजमा प्रचलीत पहिले देखि हालसम्मका जोडी छनोटका घटनाक्रमहरु अध्ययन अवलोकन गर्ने जमर्को यस शोध प्रकृयामा गरिएको थियो । यसरी गरिएको अध्ययनबाट प्राप्त सूचना तथा तथ्याङ्कका आधारमा त्यस गाउँमा पहिले-पहिले प्रचलित विवाहका जोडी छनोटको तौर तरिका र वर्तमानमा प्रचलित जोडी छनोटका तरिकाहरुमा क्रमिक परिवर्तन भएका दृष्टान्तहरु फेला परे । यस अध्ययन प्रकृयामा सामाजिक सांस्कृतिक परम्पराहरुको विकास क्रम र तिनलाई प्रभाव पार्ने तत्वहरुको बारेमा जानकारी लिने र तिनलाई व्यवस्थित रुपमा लिपीबद्ध गर्ने प्रयत्न गरिएको छ । पर्वतको जलजला गाउँपालिका वडा नं.७ धाइरिङको इतिहाँस देखि वर्तमान सम्मलाई नियाल्दा यहाँ बाहुन,क्षेत्री, दलीत र मगर जातीहरूको बसोबास रहेको देखिन्छ । मंगोलियन बाहेक बाहुनन,क्षेत्री र दलीत जातीहरू खस आर्य अन्तर्गतका जातीहरूको बाहुल्यता रहेको छ । यहाँका बासिन्दामा विवाह संस्कार, मृत्यु संस्कार, चाड पर्व आदी जस्ता रिती-रिवाजहरू हिन्दु धर्म र सिँजा सभ्यताबाट विकसित हुँदै आएका अवयवहरु देखिन्छन् । समय, प्रविधि र चेतना अभिवृद्धी आदी कारणहरूले मौलिकता बाहेक आधुनिक परम्पराको पक्षमा यहाँका मान्छेहरू पनि आकर्षित रहेको पाइयो ।

विशेष गरी विवाहका जोडी छनोट सन्दर्भमा यहाँका बासिन्दाहरूमा परम्परागत र आधुनिक विवाह प्रणालीहरू प्रचलनमा रहेका छन् । विवाहका जोडी छनोट सन्दर्भमा परम्परागत तरिकाहरू आश्चर्य लाग्ने खालका देखिए भने कतिपय तरिकाहरुहरू अमानवीय खालमा हुने गरेका उदाहरणहरु पनि भेटीए । आजभोली एक जनाले एउटा मात्र जोडी छान्न पाउने मान्यता र कानुनको दबदबा छ भने पहिलेका विवाह र जोडी छनोट प्रकृयामा कुनै कानुनी बन्देज र मान्यता स्थापित नभएका उदाहरणहरु भेटीएका छन् । परम्परागत रुपमा विवाहका जोडी छनोट गर्दा काम र परिस्थिती हेरेर र कोही-कोहीले स्वैच्छीक रुपमा समेत २-३ वटा

विवाह गरेका हुन्थे । कसैलाई भने एउटै जोडी समेत छान्न धौ धौ पर्दथ्यो । कारण न्युन महिला जनसंख्या पुरुष तर्फको कमी (धन,शक्ति,पहुँच आदी) ले गर्दा पनि आफ्नो जोडी छनोट गर्न असमर्थ हुन्थे । परम्परागत रुपमा "साटो हाली विवाह" पनि प्रचलनमा रहेको पाइयो । आफ्नो घरमा रहेका दिदी बहिनीहरू कुटुम्बलाई विवाह गराइ दिएर उताका सोल्टी सोल्टीना जस्ता नातापातालाई आफ्नो घरमा जोडी बनाई भित्राएका उदाहरण समेत धेरै भेटीयो । यसरी पुरा गरिने जोडी छनोट प्रणालीमा पुर्णत अभिभावकहरूले नै सम्पुर्ण कुराहरूको छिनोफानो गर्दथे । उतिबेलाका प्रायजसो विवाहहरू बालक र अपरिपक्व उमेरमा नै गरिने हुँदा अभिभावक सर्वे सर्वा हुने गर्दथे । अलि पछि केटा तर्फकाले दुलही तर्फको सक्षमता,इज्जत आदी हेर्ने र दुलही तर्फकाले केटा तर्फको सम्पत्ती जग्गा जमिन,टौवा,भकारी हेरेर बर,बधु छनोट गर्ने चलन पनि चलेको पाइयो ।

विस्तारै बदलिँदो परिवेश,शिक्षा र चेतनाको अभिबृद्धि,पेशा व्यवसायको फाराकिलो आयाम,स्थायी र अस्थायी बसाइँ सराई आदीका कारण जलजला-७,धाइरिङ पर्वतमा विवाहका जोडी छनोट प्रकृयामा व्यापक वदलाब आएको कुरा वर्तमान समयका विवाहित जोडीको अवलोकन र अध्ययन पछि थाहा लाग्यो । वस्तु त आजभोलीका जोडी छनोट प्रणलीमा अभिभावकको कुनै दबाब नरहेको देखियो । काम र पेशा लाई मध्यनजर गर्दै आफ्नो जोडीको छनोट आँफै गर्ने जोडीहरूको संख्या धेरै देखियो । कुलखानदान र जात वा समुदायको दायरा भित्र मात्रै सिमित रहेर गरिने जोडी छनोट प्रणली वर्तमानमा पुर्ण स्वतन्त्रता र कतिपय अवस्थामा अन्तरजातिय रुपमा समेत भएको पाइयो । टेलीफोन, इन्टरनेट र फेसबुक जस्ता सामाजिक सञ्जालहरूका माध्येमबाट पनि आफुँलाई उपयुक्त जोडी फेला परेका समेत कतिपय उदाहरणहरू भेटीए । यस हिसाबले हेर्दा वर्तमान समयमा जलजला गाउँ पालिका वडा नं.७,धाइरिङ्ग पर्वतमा विवाहको जोडी छनोट प्रणालीमा व्यापक परिवर्तन आइरहेको कुरालाई यस अध्ययन भित्र समेटीएको छ । परिवर्तित समय सँगै समाजका मान्छेहरूको स्वभाव र व्यवहारमा कसरी र के कारणले परिवर्तन ल्याउँदो रहेछ ? भनिकन समाज शास्त्रीय दृष्टीकोणबाट कारणहरुको खोजी गरी प्रस्तुत गरिएको छ । यसरी विवाहका जोडी छनोट प्रणालीमा परिवर्तन ल्याउने कारक तत्वहरू पुँजीबादी अर्थतन्त्रको उदय र दबदबा, बदँलिदो समाज, काम र पेशा परिवर्तन,स्थान परिवर्तन आदीलाई मानिएको छ ।

# विषय सूची

| | पृष्ठ |
|---|---|
| *सिफारीस पत्र* | *i* |
| *स्वीकृति पत्र* | *ii* |
| *कृतज्ञताज्ञापन* | *iii* |
| *विषय सूची* | *iv* |
| *तालिका सूची* | *vi* |
| *चित्र सूची* | *vii* |
| *शोधसार* | *viii* |
| **अध्याय एक : परिचय** | **१-७** |
| १.१ अध्ययनको पृष्ठभुमी | १ |
| १.२ समस्याको कथन | २ |
| १.३ अध्ययनको उद्देश्य | ३ |
| १.४ अध्ययनको महत्व | ५ |
| १.५ अध्ययनको सिमा | ६ |
| १.६ शोधपत्रको र ढाँचा | ६ |
| **अध्याय दुई : सम्बन्धित साहित्यको पुनरावलोकन** | **८-२६** |
| २.१ विवाह र विवाहका जोडी छनोट एक अवधारणात्मक अध्ययन | ८ |
| २.२. विवाहका जोडी छनोट प्रणालीमा परिवर्तन ल्याउने कारक तत्वहरू | १३ |
| २.३ पुर्व अध्ययनहरूको समिक्षा | १५ |
| २.४ अवधारणागत सैद्धान्तिक खाका | २१ |
| **अध्याय तिन : अनुसन्धान पद्धती** | **२७-३३** |
| ३.१ अध्ययन क्षेत्रको छनोट | २७ |
| ३.२ अनुसन्धान ढाँचा | २७ |
| ३.३ समग्र र नमुना | २७ |
| ३.४ तथ्याङ्क संकलनका स्रोतहरू | ३० |

३.५ तथ्याङ्क संकलनका बिधीहरू ३०

३.५.१ प्राथमिक ३१

३.५.२ द्वितीय ३२

३.६ तथ्याङ्कको विश्वसनीयता र प्रमाणिकता ३२

३.७ तथ्याङ्कको प्रस्तुति एवं विश्लेषण ३३

**अध्याय चार : नेपाली समाजमा चलन चल्तीका विवाहका जोडी छनोट प्रणाली ३४-४७**

४.१ परम्परागत छनोट प्रणली ३४

४.२ आधुनिक छनोट प्रणाली ४०

**अध्याय पाँच : जोडी छनोट प्रणालीमा आएको परिवर्तन ४८-५९**

५.१ बदलिँदो जीवनशैली ४८

५.२ पर्वत जलजला-७ मा विवाह जोडी छनोट प्रणालीमा आएको परिवर्तन ५२

५.२.१ तिब्र परिवर्तित जीवनशैली ५२

५.२.२ प्रविधी र सामाजिक सञ्जालको विकास ५४

५.२.३ काम र स्थान परिवर्तन ५६

५.२.४ चेतना अभिबृद्धी ५८

**अध्याय छ : सारांश र निष्कर्ष ६०-६४**

६.१ सारांश ६०

६.२ निष्कर्ष ६३

**सन्दर्भ सामाग्री** ६५

**अनुसूची १ :** अन्तर्वार्ता प्रश्नावली

**अनुसूची २ :** स्रोत व्यक्ति अन्तर्वार्तामा सहभागीहरूको नामावली

**अनुसूची ३ :** समुहगत छलफलमा सहभागीहरूको नामावली

# तालिका सूची


| तालिका नं. | शिर्षक | पृष्ठ संख्या |
|---|---|---|
| २.२ | पर्वत जलजला धाइरिङ गाउँमा परम्परागत र आधुनिक विवाहका जोडी छनोट प्रणालीका तरिका | २६ |
| ३.१ | पर्वत जलजला धाइरिङ गाउँमा पर्वतमा बसोबास गर्ने समुदायको संख्या तथा पेशाको विवरण | २८ |
| ३.२ | पर्वत जलजला धाइरिङ गाउँमा जोडी छनोटको तरिका | २९ |
| ३.३ | पर्वत जलजला धाइरिङ गाउँमा छनोट सम्पन्न भएका विवाहका जोडी | २९ |
| ३.४ | पर्वत जलजला धाइरिङ गाउँमा परम्परा र मान्यताका आधारमा छनोट भएका जोडीहरु | २९ |
| ३.५ | पर्वत जलजला धाइरिङ गाउँमा लमी, माध्यम वा सहयोगीका आधारमा छनोट भएका विवाहका जोडी | ३० |
| ३.६ | पर्वत जलजला धाइरिङ गाउँमा जोडी छनोटमा दिइने प्रथामिकता | ३० |

# चित्र सूची


| चित्र नं. | शिर्षक | पृष्ठ संख्या |
|---|---|---|
| २.१ | पर्वत जलजला धाइरिङ गाउँका समुदायमा विवाहका जोडी छनोट प्रणालीमा आएको परिवर्तनका कारक तत्वको ढाँचा | २५ |